


वर्ष ४६ | अङ्क ९ | जेठ २०७९ | मे-जुन २०२२

### नेपाल राष्ट्र बैंक ६७ औं वर्षमा प्रवेश

# बाह्य क्षेत्र व्यवस्थापनको निम्ति बैंक प्रतिबद्ध : गभर्नर अधिकारी



नेपाल राष्ट्र बैंक स्थापनाको ६६ वर्ष पूरा गरी ६७ औं वर्षमा प्रवेश गरेको छ । ६७ औं वार्षिकोत्सवका अवसरमा वैशाख १४ गते बैंक परिसर बालुवाटारमा एक कार्यक्रम सम्पन्न भयो । गभर्नर महाप्रसाद अधिकारीले उक्त कार्यक्रम उद्घाटन गर्नुभएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर अधिकारीले कोभिडबाट प्रभावित अर्थतन्त्रको पुनरुत्थान र बाह्य क्षेत्रमा देखिएको चुनौती व्यवस्थापनका निम्ति नेपाल राष्ट्र प्रतिबद्ध रहेको धारणा राख्नुभयो । उहाँले भन्नुभयो, “बाह्य क्षेत्रको अवस्था हेरी यसको स्थायित्वको लागि आगामी दिनमा थप उपाय अवलम्बन गर्न नेपाल राष्ट्र बैंक प्रतिबद्ध छ । यस पक्षमा मैले सबै सरोकारवालाको सहयोग रहने अपेक्षा राखेको छु ।”

आर्थिक पुनरुत्थानको क्रममा प्रवाह भएको कर्जाको ठूलो हिस्सा आयातमा प्रयोग भएका कारण शोधनान्तर घाटा बढ्न गई विदेशी विनिमय सञ्चितिमा दबाब परेको र यो अवस्था केही समय रहन सक्ने धारणा गभर्नर अधिकारीले राख्नुभयो । राष्ट्र बैंकले अवलम्बन गरेका नीतिगत व्यवस्थाका कारण पछिल्ला महिनामा विदेशी विनिमय पर्याप्तता सूचक स्थिर रहेको उहाँको भनाइ थियो । सो अवसरमा उहाँले विदेशी विनिमय व्यवस्थापनको निम्ति राष्ट्र बैंकबाट पछिल्ला महिनामा अवलम्बन गरिएका नीतिगत व्यवस्थाबारे जानकारी दिनुभयो ।

पेट्रोलियम पदार्थको निरन्तर मूल्यवृद्धि र रुस-युक्रेनबीचको द्वन्द्वका कारण नेपालमा खाद्य तथा गैरखाद्य वस्तुको मूल्य बढेको उल्लेख गर्दै गभर्नर अधिकारीले मुद्रास्फीतिको चाप केही समय कायमै रहने जानकारी दिनुभयो । कार्यक्रममा गभर्नर अधिकारीले चालु आर्थिक वर्षमा नेपाल राष्ट्र बैंकबाट भएका महत्वपूर्ण



कार्यसम्पादनको विवरणसमेत प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा नेपालको आर्थिक, वित्तीय, मौद्रिक तथा व्यवस्थापकीय क्षेत्रमा पुर्‍याउनुभएको योगदानको कदरस्वरूप पूर्व गभर्नर डा. तिलकबहादुर रावललाई सम्मान गरिएको थियो । गभर्नर अधिकारीले उहाँलाई दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गर्नुभयो। सो अवसरमा पूर्व गभर्नर रावलले नेपालको अर्थतन्त्र जटिल अवस्थामा रहेको उल्लेख गर्दै राज्यका सबै पक्ष मिलेर अर्थतन्त्रलाई बचाउनुपर्ने आवश्यकता औंल्याउनुभयो । आयात प्रतिस्थापनको निम्ति आन्तरिक उत्पादनलाई प्रवर्द्धन गर्नुपर्ने उहाँको सुझाव थियो ।

कार्यक्रममा समापन मन्तव्य राख्दै





डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले वित्तीय स्थायित्व र बाह्य क्षेत्र स्थायित्वको निम्ति राष्ट्र बैंक सजग रहेको धारणा राख्नुभयो । बाह्य क्षेत्र व्यवस्थापनको लागि बैंकले विभिन्न नीतिगत व्यवस्था जारी गरेको जानकारी उहाँले दिनुभयो ।

सो अवसरमा डेपुटी गभर्नर बमबहादुर मिश्रले स्वागत मन्तव्य राख्दै नेपाल राष्ट्र बैंक अर्थतन्त्रको आवश्यकताअनुरूप कसिलो तथा लचिलो हुनुपर्ने सन्दर्भमा अहिले वित्तीय क्षेत्र र बाह्य क्षेत्र स्थायित्वमा केन्द्रित भएको धारणा राख्नुभयो । डिजिटल बैंकिङको विकासक्रमसँगै नेपालको वित्तीय प्रणालीमा विद्युतीय मुद्रा प्रचलनमा ल्याउनुपर्ने आवश्यकता औंल्याउनुभयो । कार्यक्रममा बीस वर्ष दीर्घ सेवा पदक प्राप्त गर्ने कर्मचारीहरू मध्येबाट गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केले राष्ट्र बैंकको आफ्नो बीसवर्षे अनुभवको चर्चा गर्दै यो अवसरको निम्ति बैंकप्रति आफू कृतज्ञ रहेको धारणा राख्नुभयो ।

सो अवसरमा नेपाल राष्ट्र बैंक कर्मचारी संघका अध्यक्ष रुद्रप्रसाद तिम्सिना, नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक समितिका अध्यक्ष राजीव शर्मा रेग्मी र नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन, नेपाल राष्ट्र बैंक समितिका अध्यक्ष रेशमबहादुर बल्छौडीले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा वार्षिकोत्सवका अवसरमा बैंकमा २० वर्ष सेवा अवधि पूरा भएका १०८ जना कर्मचारीलाई दीर्घ सेवा पदक प्रदान गरिएको थियो । साथै वार्षिकोत्सवका अवसरमा आयोजित विभिन्न अतिरिक्त क्रियाकलापमा विजयी कर्मचारीलाई नगद पुरस्कार र प्रमाणपत्रसमेत प्रदान गरिएको थियो ।



# वार्षिकोत्सवको अवसरमा अतिरिक्त क्रियाकलापहरू सम्पन्न

बैंकको ६७ औं वार्षिकोत्सवको अवसरमा अतिरिक्त क्रियाकलाप तथा खेलकुद कार्यक्रमहरू सम्पन्न भएका छन् । यसअन्तर्गत खेलकुदतर्फ अन्तरविभागीय फुटसल प्रतियोगितामा बैंक तथा वित्तीय संस्था नियमन विभाग र मुद्रा व्यवस्थापन विभागले क्रमशः प्रथम र द्वितीय स्थान हासिल गरेका छन् ।

यसै गरी, ब्याडमिन्टन प्रतियोगिताअन्तर्गत महिला (सिङ्गल्स) तर्फ रविना भट्ट प्रथम र अमृता श्रेष्ठ प्रथम हुनुभयो । विभागीय डबल्सतर्फ सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका ऋषिकेश भट्ट र धनबहादुर तामाङ प्रथम हुनुभयो भने आन्तरिक लेखापरीक्षण विभागका डिलाराम सुवेदी र झङ्गनाथ ढकाल दोस्रो हुनुभयो । यस्तै, ब्याडमिन्टनको भेट्रान डबल्सतर्फ डा. राजनकृष्ण पन्त र बबी केसी प्रथम तथा दीर्घबहादुर रावल र केशवबहादुर केसीको जोडी दोस्रो हुनुभएको थियो । एक्जिक्युटिभ सिङ्गल्सतर्फ डा. राजनकृष्ण पन्त र दीर्घबहादुर रावलले क्रमशः प्रथम र द्वितीय स्थान हासिल गर्नुभएको थियो । पुरुष सिङ्गल्समा धनबहादुर तामाङ र कालु तामाङले क्रमशः प्रथम र द्वितीय स्थान हासिल गर्नुभएको थियो ।

यसै गरी बैंकको वार्षिकोत्सवका अवसरमा वैशाख १२ गते बैंकले रक्तदान कार्यक्रम आयोजना गर्‍यो । सो अवसरमा १०९ जनाले रक्तदान गर्नुभएको थियो ।

## प्रदेशस्थित कार्यालयमा विभिन्न कार्यक्रम आयोजना

यसै गरी बैंकको ६७ औं वार्षिकोत्सवका अवसरमा प्रदेशस्थित कार्यालयमा विभिन्न कार्यक्रम सम्पन्न भएका छन् ।

### विराटनगर कार्यालय

विराटनगर कार्यालयले वैशाख १४ गते वित्तीय चेतनामूलक प्रभातफेरि कार्यक्रम आयोजना गर्‍यो । कार्यालय परिसरबाट सुरु भएको प्रभातफेरि नगर परिक्रमा गर्दै पुनः कार्यालयमा पुगेर समापन भएको थियो । कार्यक्रममा राष्ट्र बैंकसँगै विराटनगरस्थित बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको सहभागिता



थियो ।

वार्षिकोत्सवका अवसरमा कार्यालयले वैशाख ९ र १० गते अन्तरबैंक फुटसल प्रतियोगिता आयोजना गर्‍यो । ३३ वटा समूहको सहभागिता रहेको उक्त प्रतियोगितामा नबिल बैंक र एनआइसी एसिया बैंकले क्रमशः प्रथम र द्वितीय स्थान हासिल गर्‍यो । यसै गरी, कार्यालयका कर्मचारीहरूबीच ब्याडमिन्टन, टेबलटेनिस, नोट काउन्टिङ, हाजिरीजवाफ, घैंटोफोर तथा पूर्वकर्मचारीबीच म्यूजिकल चेयर्स र कर्मचारीका छोराछोरीबीच बालचित्रकला प्रतियोगिता आयोजना गरिएको थियो । सोही सन्दर्भमा वैशाख १२ गते आयोजित रक्तदान कार्यक्रममा ३१ जनाको सहभागिता थियो ।

वैशाख १४ गते कार्यालयमा आयोजित एक कार्यक्रममा प्रतियोगिताका विजयीलाई पुरस्कार र प्रमाणपत्र वितरण गरिएको थियो ।

### जनकपुर कार्यालय

जनकपुर कार्यालयले वैशाख १४ गते प्रभातफेरि कार्यक्रम आयोजना गर्‍यो । कार्यालय प्राङ्गणबाट सुरु भएको प्रभातफेरि मुरली चोक, कदम चोक, भानु चोक, शिव चोक, जानकी मन्दिर, राम चोक हुँदै पुनः कार्यालयमा पुगेर समापन भयो । प्रभातफेरिमा जनकपुर कार्यालयसँगै विभिन्न बैंक तथा वित्तीय संस्थाका कर्मचारी, सुरक्षाकर्मी लगायतको सहभागिता थियो ।

यसै गरी, वार्षिकोत्सवका अवसरमा कार्यालयले क्रिकेट, ब्याडमिन्टन, दौड, म्युजिकल चेयर्स, हाजिरीजवाफ, घैंटोफोर प्रतियोगिता सञ्चालन गरेको छ । अन्तरबैंक क्रिकेट प्रतियोगितामा जनकपुर कार्यालय प्रथम भयो । ब्याडमिन्टन प्रतियोगिताअन्तर्गत




पुरुष सिङ्गल्सतर्फ क्रमशः रामकुमार चौधरी र मुमिहाङ राईले क्रमशः प्रथम र द्वितीय स्थान हासिल गर्नुभयो भने डबल्सतर्फ अशोककुमार राई र मुमिहाङ राईको टोली प्रथम तथा निरा ताल्वाभडेल र रामबहादुर दर्जीको टोली द्वितीय स्थानमा रह्यो ।

कार्यालयका कर्मचारीहरूबीच भएको १०० मिटर दौडतर्फ रामकुमार चौधरी र रञ्जितकुमार यादवले क्रमशः प्रथम र द्वितीय स्थान हासिल गर्नुभयो । म्युजिकल चेयर्सतर्फ निरा ताल्वाभडेल प्रथम र रुबी साह द्वितीय स्थानमा रहनुभयो । हाजिरीजवाफ प्रतियोगितामा राधेश्याम साह, लाइमहाङ लिम्बु र मनोहर थापाको टोली प्रथम भयो भने गोपालबहादुर बुढाथोकी, रुबी साह र छविलाल भण्डारीको टोली द्वितीय भयो । घैंटोफोर प्रतियोगितामा अजयकुमार सिंह प्रथम र सुदीपकुमार श्रेष्ठले द्वितीय स्थान हासिल गर्नुभयो ।

सोही अवसर पारेर जनकपुर कार्यालयद्वारा वैशाख १२ गते रक्तदान र १३ गते सरसफाइ कार्यक्रम पनि आयोजना गरिएको थियो ।



### वीरगञ्ज कार्यालय

वीरगञ्ज कार्यालयले वैशाख ७ देखि १० गतेसम्म 'अन्तरबैंक सेभेन साइड क्रिकेट प्रतियोगिता-२०७९' आयोजना गर्‍यो । उक्त प्रतियोगितामा कुमारी बैंकलाई दुई विकेटले हराउँदै सिभिल बैंकले उपाधि हासिल गर्‍यो ।

वार्षिकोत्सवको अवसरमा वीरगञ्ज कार्यालयमा ब्याडमिन्टन, टेबलटेनिस, बुद्धिचाल, क्यारम बोर्ड र हाजिरीजवाफ प्रतियोगिता सञ्चालन भएका छन् । सो अवसरमा वैशाख १३ गते रक्तदान कार्यक्रमसमेत सञ्चालन भयो । कार्यक्रममा वीरगञ्ज कार्यालयसँगै विभिन्न बैंक तथा वित्तीय संस्था र अन्य निकायका कर्मचारीको सहभागिता थियो । वार्षिकोत्सवकै अवसरमा वीरगञ्जमा वित्तीय चेतनामूलक प्रभातफेरि कार्यक्रम आयोजना




गरिएको थियो ।

वार्षिकोत्सवका अवसरमा वैशाख १४ गते आयोजित कार्यक्रममा विजयी प्रतियोगीलाई पुरस्कार र प्रमाणपत्र वितरण गरिएको थियो ।

### पोखरा कार्यालय

६७ औं वार्षिकोत्सवका अवसरमा पोखरा कार्यालयमा विभिन्न कार्यक्रम सञ्चालन भएका छन् । यसै सन्दर्भमा पोखरा कार्यालयमा वैशाख १४ गते एक कार्यक्रम सम्पन्न भयो । पोखरा कार्यालयका निर्देशक डा. रामशरण खरेलको अध्यक्षतामा आयोजित कार्यक्रममा कार्यालयका कर्मचारीसँगै, गण्डकी प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि र सेवानिवृत्त कर्मचारीको उपस्थिति थियो ।

सो अवसरमा निर्देशक खरेलले पछिल्लो एक वर्षमा पोखरा कार्यालयले हासिल गरेका महत्वपूर्ण उपलब्धिबारे चर्चा गर्दै गण्डकी प्रदेश सरकारको आर्थिक सल्लाहकारको भूमिका निर्वाहमा सक्रिय रहने प्रतिबद्धता जनाउनुभयो ।




कार्यक्रममा वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित फुटसल, ब्याडमिन्टनलगायतका प्रतियोगिताका विजयी कर्मचारीलाई पुरस्कार वितरण गरिएको थियो भने कार्यालयका अवकासप्राप्त कर्मचारीलाई औपचारिक विदाइ गरिएको थियो ।

### सिद्धार्थनगर कार्यालय

यसै सन्दर्भमा सिद्धार्थनगर कार्यालयले वैशाख १४ गते एक कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा सिद्धार्थनगर कार्यालयका निर्देशक रञ्जना पण्डित पौडेलले बैंक स्थापनादेखिका विकासक्रमबारे उल्लेख गर्दै वित्तीय स्थायित्वका विद्यमान चुनौतीबारे चर्चा गर्नुभयो ।

सो अवसरमा नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघ, सिद्धार्थनगर शाखा समितिका अध्यक्ष शिवहरि अर्याल, नेपाल राष्ट्र बैंक कर्मचारी संघ, सिद्धार्थनगर शाखा समितिका अध्यक्ष कृष्णप्रसाद भट्टराई, नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक सिद्धार्थनगर शाखा समितिका अध्यक्ष देवराज ज्ञवालीले शुभकामना मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा कार्यालयका उप-निर्देशक जीवनप्रकाश पाण्डेयले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक माधवराज ढकालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

वार्षिकोत्वको अवसरमा वैशाख १४ गते कार्यालयका सम्पूर्ण कर्मचारीको सहभागितामा प्रभातफेरि आयोजना गरियो । कार्यालयबाट सुरु भएको प्रभातफेरि आवारोड, विद्रोही चोक, मिलन चोक, बैंकरोड हुँदै पुनः कार्यालयमा पुगेर समापन भएको थियो । सोपश्चात् कार्यालय हातामा वृक्षारोपणसमेत गरिएको थियो ।

वार्षिकोत्सवकै अवसरमा विभिन्न खेलकुद प्रतियोगिताहरू सञ्चालन गरिएको थियो । यस क्रममा कार्यालयले अन्तरबैंक फुटबल प्रतियोगिता सञ्चालन गऱ्यो । उक्त प्रतियोगितामा सिद्धार्थनगर कार्यालयसँगै विभिन्न बैंक तथा वित्तीय संस्थाको समेत सहभागिता थियो । साथै, वैशाख १२ गते आयोजित पुरुषतर्फको पाँच किलोमिटर दौड प्रतियोगितामा नेपाल राष्ट्र बैंकका राजन थापा मगर, होमबहादुर गर्तौला र गरिमा विकास बैंकका सञ्जय गुरुङले क्रमशः प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्नुभयो । यसै गरी, महिलातर्फ नेपाल राष्ट्र बैंकका रञ्जना पण्डित पौडेल प्रथम हुनुभयो भने माछापुच्छ्रे बैंकका पवित्रा बस्नेत र मेगा बैंकका हीरा पाण्डेले क्रमशः द्वितीय र तृतीय स्थान हासिल गर्नुभएको थियो ।

यसै गरी, ब्याटमिन्टन डबल्सतर्फ शिशिर शर्मा र सन्दिप रसाइलीको टोली प्रथम भयो भने केशव श्रेष्ठ र राजन थापा मगरको टोलीले द्वितीय स्थान हासिल गऱ्यो । टेबल टेनिस सिङ्गल्सतर्फ शिशिर शर्मा प्रथम र राजन पोखेल द्वितीय हुनुभयो ।

सोही अवसरमा सिद्धार्थनगर कार्यालयमा अन्तरफाँट हाजिरीजवाफ प्रतियोगिता आयोजना भयो । उक्त प्रतियोगितामा बैंकिङ फाँट समूहका कमलप्रसाद आचार्य, केशव श्रेष्ठ



र दीपक भुसालको टोली प्रथम भयो भने मुद्रा व्यवस्थापन फाँट समूहका भविस्वोर पोखेल, सुनिलकुमार अर्याल र कविता केसीको टोलीले द्वितीय स्थान हासिल गऱ्यो । वार्षिकोत्सवका अवसरमा कर्मचारीका छोराछोरीहरूबीच बाल चित्रकला प्रतियोगितासमेत आयोजना गरिएको थियो ।

### नेपालगञ्ज कार्यालय

वार्षिकोत्सवकै अवसरमा नेपालगञ्ज कार्यालयले वैशाख १४ गते एक कार्यक्रम आयोजना गऱ्यो । निर्देशक निभा श्रेष्ठको अध्यक्षतामा आयोजित कार्यक्रममा कार्यालयका कर्मचारी, पूर्व कर्मचारी, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो ।

कार्यक्रममा निर्देशक श्रेष्ठसँगै कर्मचारी युनियन, पूर्व कर्मचारी संघ, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिले शुभकामना मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा उप-निर्देशक सजना शिल्पकारले स्वागत मन्तव्य र उप-निर्देशक पञ्चलक्ष्मी मानन्धरले समापन मन्तव्य राख्नुभयो । नेपालगञ्ज कार्यालयका प्रधान सहायक आस्था सुवेदीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

वार्षिकोत्सवका अवसरमा कार्यालयले वैशाख १४ गते वित्तीय चेतनामूलक प्रभातफेरि कार्यक्रम आयोजना गऱ्यो । बैंक परिसरबाट सुरु भएको प्रभातफेरि पुष्पलाल चोक, न्यूरोड, त्रिभुवन चोक, बीपी चोक हुँदै पुनः बैंकमा पुगेर समापन भयो । प्रभातफेरिमा नेपालगञ्ज कार्यालयसहित विभिन्न बैंक तथा वित्तीय संस्थाका कर्मचारीको सहभागिता थियो ।

वार्षिकोत्सवकै अवसरमा वैशाख ९ गते आयोजित रक्तदान कार्यक्रममामा ५२ जनाको सहभागिता रह्यो । वार्षिकोत्सवकै सन्दर्भमा कार्यालयका कर्मचारीहरूबीच टेबल टेनिस, बुद्धिचाल, ब्याडमिन्टन र फुटसल प्रतियोगितासमेत आयोजना गरिएको थियो ।



### सुर्खेत कार्यालय

६७ औं वार्षिकोत्सवका अवसरमा सुर्खेत कार्यालयमा विभिन्न कार्यक्रम आयोजना भएका छन् । यस क्रममा कार्यालयले अन्तरबैंक फुटसल प्रतियोगिता सञ्चालन गऱ्यो । २० वटा बैंक तथा वित्तीय संस्थाको सहभागिता रहेको उक्त प्रतियोगितामा सिद्धार्थ बैंकलाई ३-० गोल अन्तरले पराजित गर्दै एभरेष्ट बैंकले प्रथम स्थान हासिल गऱ्यो ।

यसै गरी, ब्याडमिन्टन (सिङ्गल्स) तर्फ नरबहादुर लामिछाने मगर प्रथम हुनुभयो भने डबल्सतर्फ समिर फयल र पदमबहादुर शाहीको जोडीले प्रथम स्थान हासिल गऱ्यो । बुद्धिचाल प्रतियोगितामा भने सन्तोष गुप्ता विजेता बन्न सफल हुनुभयो ।

वार्षिकोत्सवकै अवसरमा सुर्खेत कार्यालयले वैशाख १४ गते वित्तीयचेतनामूलक प्रभातफेरि कार्यक्रम आयोजना गऱ्यो । प्रभातफेरिमा सुर्खेत कार्यालयसँगै विभिन्न बैंक तथा वित्तीय संस्थाका कर्मचारीको सहभागिता थियो । कार्यालयबाट सुरु भएको प्रभातफेरि क्याम्पस रोड, मङ्गलगढी चोक, वीरेन्द्र चोक, नेता चोक, बुद्धपथ, हटिया लाइन, घण्टाघर, नगरपालिका रोड हुँदै पुनः कार्यालयमा पुगेर समापन भएको थियो ।





### धनगढी कार्यालय

यसै सिलसिलामा धनगढी कार्यालयमा वैशाख १४ गते एक कार्यक्रम आयोजना गरियो । कार्यालयका निर्देशक विनोजराज लेखकको अध्यक्षता र पूर्व उप-निर्देशक राजेशराज शाहीको प्रमुख आतिथ्यमा उक्त कार्यक्रम आयोजना गरिएको हो ।

वार्षिकोत्सवको उपलक्ष्यमा धनगढी कार्यालयमा बुद्धिचाल, क्यारम बोर्ड, ब्याडमिन्टन, टेबल टेनिस, क्रिकेट, फुटसल, म्युजिकल चेयर, वाल चित्रकला र रक्तदानलगायतका कार्यक्रम आयोजना गरिएको थियो ।

# गभर्नरको कार्यालयद्वारा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना

गभर्नरको कार्यालयले वैशाख २८ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । भर्चुअल माध्यममा आयोजित उक्त कार्यक्रममा अन्तर्राष्ट्रिय मुद्रा कोषका Tanai Khiaonarong n] 'Falling Use of Cash and Demand for Retail Central Bank Digital Currency (CBDC)' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।




त्यस क्रममा उहाँले नगद प्रयोगको विश्वव्यापी प्रवृत्तिबारे चर्चा गर्नुभयो । विद्युतीय भुक्तानीको प्रवर्द्धनसँगै नगद प्रयोगको परिमाणमा कमी आएको उल्लेख गर्दै नगद प्रयोग घट्नाका कारणबारे विश्लेषण गर्नुभयो । साथै, विभिन्न मुलुकमा नगद प्रयोगको तुलनात्मक आँकडासमेत उहाँले प्रस्तुत गर्नुभयो । उहाँले आगामी दिनमा केन्द्रीय बैंक विद्युतीय मुद्रा (सीबीडीसी) को सम्भावनाका बारेमा समेत चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा विभिन्न विभाग/कार्यालयका करिब सय कर्मचारीको सहभागिता थियो । सो अवसरमा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केले समापन मन्तव्य राख्नुभयो भने निर्देशक मुक्तिनाथ सापकोटाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# गो–एएमएल प्रणालीसम्बन्धी अन्तरक्रिया




वित्तीय जानकारी इकाईले वैशाख २२ गते गो-एएमएल प्रणालीसम्बन्धी ज्ञान आदानप्रदान तथा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

रेमिट्यान्स कम्पनीहरूलाई गो-एएमएल प्रणालीमा आबद्ध गर्ने उद्देश्यले इकाईले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा इकाईसँगै गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग, विप्रेषण तथा मुद्रा स्थानान्तरणसम्बन्धी कार्य गर्ने संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

कार्यक्रममा वित्तीय जानकारी इकाईका प्रमुख दीर्घबहादुर रावलले सीमा कारोबार र शङ्कास्पद कारोबारको विषयमा समयमै इकाईमा रिपोर्टिङ गर्न सहभागीहरूलाई आग्रह गर्नुभयो । गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका उप-निर्देशक मनोज पोखरेलले गो-एएमएल प्रणालीमार्फत छिटो र गोप्य ढङ्गले प्रतिवेदन पेस गर्न सकिने उल्लेख गर्दै समयमै प्रणालीमा आबद्ध हुन रेमिट्यान्स कम्पनीहरूलाई आग्रह गर्नुभयो ।

सो अवसरमा इकाईका उप-निर्देशक स्वरूप श्रेष्ठले कार्यक्रमको उद्देश्यबारे जानकारी दिँदै स्वागत मन्तव्य राख्नुभयो भने ई-सेवा मनि ट्रान्सफरका कार्यान्वयन अधिकारी रक्षा गिरीले 'गो-एएमएल रिपोर्टिङ' सम्बन्धमा आफ्नो अनुभव प्रस्तुत गर्नुभयो । इकाईका सहायक निर्देशक अमिष शर्माले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# सचिवालय व्यवस्थापनसम्बन्धी तालिम सम्पन्न

बैंकर्स प्रशिक्षण केन्द्रले वैशाख २० देखि २३ गतेसम्म पोखरामा सचिवालय व्यवस्थापनसम्बन्धी सहायकस्तरीय तालिम आयोजना गर्‍यो ।

नौ वटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयका ३० जना कर्मचारीको सहभागिता थियो । तालिममा सचिवालय व्यवस्थापनको आधाभूत अवधारणा, कार्यालय व्यवस्थापनका सीप, सेवाग्राहीसँगको सम्बन्ध, सञ्चार सीप, समय र प्राथमिकता व्यवस्थापन, उत्प्रेरणा, समूह निर्माण, शिष्टाचार, तनाव व्यवस्थापनलगायतका विषयमा प्रशिक्षण दिइएको थियो ।

बैंकर्स प्रशिक्षण केन्द्रका उप-निर्देशक लक्ष्मीनारायण ताम्राकारले तालिम कार्यक्रमको संयोजन गर्नुभयो भने सहायक निर्देशक अमितकुमार तिमिल्सिनाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।



# जुम्लामा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न



सुर्खेत कार्यालयले २०७८ चैत १४ गते जुम्लाको सदरमुकाम खलङ्गास्थित चन्दननाथ माविमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यालयका उप-निर्देशक (प्रमुख) विनय सिग्देलको सभापतित्वमा उक्त कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा गभर्नरको कार्यालयका उप-निर्देशक डा. भागवत आचार्यले वित्तीय साक्षरताका विविध विषयमा वार्ता प्रस्तुत गर्नुभयो । उहाँले वित्तीय साक्षरताको आधारभूत पक्षदेखि आधुनिक डिजिटल बैंकिङलगायतका विषयमा जानकारी दिनुभयो ।

कार्यक्रममा आर्थिक अनुसन्धान विभागका निर्देशकद्वय डा. राजनकृष्ण पन्त र डा. माधव दङ्गाल तथा सुर्खेत कार्यालयका प्रमुख सिग्देलले विद्यार्थीद्वारा राखिएका जिज्ञासाको जवाफ दिनुभएको थियो । सो अवसरमा प्रधानाध्यापक टङ्क महत र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णबहादुर रोकायाले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो

सुर्खेत कार्यालयका सहायक निर्देशक पूर्णबहादुर मौराती नेपालीले स्वागत मन्तव्य राख्नुभयो भने सहायक समिर फयलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# अवकाश

सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका उप-निर्देशक डा. महेशकुमार चौलागाईंले २०७९ वैशाख १० देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ । यसैगरी, बैंकिङ विभागका सहायक भवानी कार्की र पोखरा कार्यालयका कार्यालय सहयोगी (तृतीय) विनादेवी थापाले क्रमशः वैशाख ११ र वैशाख २७ देखि अवकाश पाउनुभएको छ । उहाँहरूले ५८ वर्ष उमेर हदका आधारमा अवकाश पाउनुभएको जानकारी जनशक्ति व्यवस्थापन विभागले दिएको छ ।

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**
सूचना तथा सञ्चार समन्वय महाशाखा
बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०
इमेल : samachar@nrb.org.np, वेबसाइट : www.nrb.org.np

*सम्पादक*
डा. भागवत आचार्य

*सम्पादन सहयोगी*
विद्या अधिकारी
लालकुमार सुवेदी
नवीना ताम्राकार